# पाठ ५

# नयाँ नियमका पुस्तकहरू

नयाँ नियम लेखिएको समयमा पुरानो नियमको रूप धेरै परिवर्तन भइसकेको थियो। भविष्यवक्ताका दिनहरू सकिएका हुनाले धेरै मानिसहरूलाई आत्मिकी कुराहरूमा वास्तै थिएन। मध्यपूर्वी र यूरोपका देशहरूजस्तै यहूदी राज्य पनि रोमी शासनको अधिनमा थियो। यो यहूदी जातिहरूको लागि कठिन समय भएको र तिनीहरूले स्वतन्त्र हुने इच्छा गरेका भएता पनि, बाहिरीय प्रभावले तिनीहरूलाई केही फायदा दिएको थियो। रोमी सैनिकहरूले व्यापार र यात्रागर्ने सडकहरूलाई सुरक्षित गरि ग्रीक सांस्कृतिक, संगीत र कलालाई पूरै साम्राज्य भरिनै फिजाँउनलाई सहायता पुर्‍याए।

यस समयमा परमेश्वरले आफ्नो पुत्रलाई अकस्मात यस संसारमा पठाउनुभएको होइन। ग्रीकहरूले सुसमाचार प्रचार गर्न सक्नको निम्ति साधारण भाषाको विकास गरिदिएका थिए भने रोमीहरूले सुसमाचारको कामको लागि न्यायचित सुरक्षा र स्वतन्त्रता प्रदान गरेका थिए।

नयाँ नियम ख्रीष्टको जीवनकथा र ख्रीष्टियान विश्वासको शुरू हो। यी पुस्तकहरूमा सबै




विश्वासीहरूका निम्ति निर्देशन प्रतिज्ञाहरू, भविष्यका निम्ति भएका भविष्यवाणीहरू, ख्रीष्टसँगको अनन्त जीवनको आशा जस्ता कुराहरू समावेश गरिएका छन्। यी पुस्तकहरूका बारेमा तपाईंले अध्ययनगर्दै जानुहुँदा यी पुस्तकहरूलाईनै पढेर तिनीहरूका सत्यताहरू बुझ्नुहुन्छ भन्ने आशा मलाई लागेको छ।

**यस पाठको अध्ययनमा तपाईंले यी कुराहरू सिक्नुहुनेछः**

वर्गीकरणलाई संगठितगर्ने
वर्गीकरणलाई व्याख्यागर्ने

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछः**

• नयाँ नियमका लेखकहरू र तिनीहरूले लेखेका कुराहरूको बारेमा सिक्न।

• नयाँ नियमको मुख्य सन्देश येशू ख्रीष्टको जीवन र शिक्षा हो भनी बुझ्न।

## वर्गीकरणलाई संगठितगर्ने

उद्देश्य १. *नयाँ नियमका मुख्य वर्गीकरणको सूची बनाउनुहोस्।*

पुरानो नियममा मुख्य पाँच वर्गीकरण छन् भन्ने कुरा हामीले पाठ ४ मै सिकिसकेका छौं। नयाँ नियमका पनि पाँच वर्गीकरण छन्। पुरानो नियममा प्रयोग गरिएको तरीकालाईनै प्रयोग गर्नाले यसलाई सजिलैसँग सम्झन सकिन्छ।




नयाँ नियम

तल दिइएजस्तै नयाँ नियममा २७ वटा पुस्तकहरू छन्:

| सुसमाचारहरू |
| --- |
| मत्ती |
| मर्कूस |
| लूका |
| यूहन्ना |

| इतिहास |
| --- |
| प्रेरित |

**पावलका पत्रहरू**
रोमी
१ र २ कोरिन्थी
गलाती
एफिसी
फिलिप्पी
कलस्सी
१ र २ थिस्सलोनिकी
१ र २ तिमोथी
तितस
फिलेमोन
हिब्रू

**सामान्यपत्रहरू**
याकूब
१ र २ पत्रुस
१,२ र ३ यूहन्ना
यहूदा

**भविष्यवाणी**
प्रकाश

१. ठीक अक्षरहरू लेखेर तलका शब्दहरूलाई पूरा गर्नुहोस्।

| **वर्गीकरण** | **पुस्तकहरूको संख्या** |
|---|---|
| सुस | ४ पुस्तकहरू |
| इति | १ पुस्तक |
| पावलका प | १४ पुस्तकहरू |
| सामान्य प | ७ पुस्तकहरू |
| भवि | १ पुस्तक |
| | --------------- |
| | जम्मा २७ पुस्तकहरू |

## वर्गीकरणलाई व्याख्यागर्ने

### सुसमाचारहरू

उद्देश्य २. *प्रत्येक सुसमाचारले ख्रीष्टमा राखेको विभिन्न जोडलाई थाह पाउने।*

मत्ती, मर्कूस, लूका र यूहन्नाले सुसमाचारहरूमा ख्रीष्टको जीवनीलाई लेखे र तिनीहरूकै नामहरूबाटनै तिनीहरू प्रचलित छन्। यी लेखकहरूलाई कहिलेकहीं चार प्रचारकहरू भनिने चलन पनि छ। हरेकको भिन्नाभिन्नै विशेषता वा केन्द्र छ।

मत्तीले येशूलाई राजा वा मसीहको रूपमा प्रस्तुत गरेका छन्। मसीह वा ख्रीष्टको बारेमा पुरानो नियममा भएका भविष्यवाणीहरूलाई उद्धृतगरि (मसीह नाम यहूदीहरूले आफूले आशा गरेका राजा वा उद्धारकको निम्ति दिएका थिए) येशूले कसरी धर्मशास्त्र पूरा गर्नुभयो भनी मत्तीले देखाएका छन्।

मर्कूसले धर्मशास्त्र थाहनपाएका रोमीहरूलाई लेखेका थिए। येशू ख्रीष्ट परमेश्वरका दासको रूपमा आउनुभयो भनी देखाउँदै उनले आफूले लेखेको सुसमाचार शक्तिशाली कामद्वारा भरेका थिए।

डाक्टर लूकाले आफ्नो सुसमाचार एक ग्रीक मित्रको निम्ति लेखेका थिए। ख्रीष्टलाई मानिसको पुत्रको रूपमा प्रस्तुत गरेर उनले ख्रीष्टको पूर्ण मानवत्वलाई जोड दिएका छन्।

यूहन्नाले येशू परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँमा विश्वास गर्नेले अनन्त जीवन पाउँछन् भनी उनले प्रमाणित गरेका छन्।

पहिला तीन सुसमाचारहरूलाई "सामान्य निरिक्षण" का सुसमाचारहरू भनिन्छ किनभने तिनीहरूले सामान्य रूपमा येशू ख्रीष्टको जीवनको पूर्ण दृष्यलाई दिएका छन्। तिनीहरूमा लेखिएका घटनाहरू मिल्दाजुल्दा छन्। यद्यपि यिनीहरूले येशूका भनाई र शिक्षाहरू जति उहाँको इतिहासलाई जोड दिएका छैनन्।

## तपाईंको अभ्यासको निम्ति

२. येशू प्रतिज्ञा गरिनुभएको राजा हुनुहुन्छ भनी धेरै भविष्यवाणीहरूलाई उद्धृत गर्ने सुसमाचार कुन हो?

**क**. मत्ती
**ख**. मर्कूस
**ग**. लूका
**घ**. यूहन्ना

३. लूका १:१-४ पढ्नुहोस्। लूकाले आफूले लेखेको कुरा केमा आधारित गरेका थिए?

**क**. होहल्ला र झुठाशिक्षा
**ख**. चेलाको रूपमा व्यक्तिगत अनुभव
**ग**. होशियारपूर्ण खोज र साक्षीहरूसँगको कुरा
**घ**. फैलिएका दन्त्यकथा र परम्परा

४. मर्कूसले आफ्नो सुसमाचार के ले भरेका थिए?

क. पुरानो नियमबाट भविष्यवाणीहरू
ख. येशूका उपदेशहरू
ग. येशूको काममा शक्तिशाली कामहरू
घ. येशूको ईश्वरत्वको प्रमाण

५. यूहन्ना १०:३०-३१ पढ्नुहोस्। यूहन्नाले बताएका छन् कि आफूले लेखेका कुराहरूलाई पाठकहरूले येशूको हुन भनी विश्वास गर्न सकून

क. सिद्ध मानिस र उहाँको उदाहरणलाई पच्छयाउनु पर्छ।
ख. परमेश्वरको पुत्र र उहाँमा अनन्त जीवन पाइन्छ।

६. येशू ख्रीष्टको बारेमा लूकाको मुख्य जोड के थियो; उहाँ

क. मानिसको पुत्र हुनुहुन्छ।
ख. यहूदीहरूको मसीह वा ख्रीष्ट हुनुहुन्छ।
ग. परमेश्वरको पुत्र हुनुहुन्छ।
घ. छिटै आउनुहुने राजा हुनुहुन्छ।

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

**इतिहास**

उद्देश्य ३. *प्रेरितको मुख्य सन्देशलाई उल्लेख गर्नुहोस्।*

लूकाले ख्रीष्ट स्वर्गतिर उचालिनुभएपछि उहाँले कसरी पवित्र आत्मालाई पठाउनु भएर आफ्नो कामलाई यस पृथ्वीमा रूपमा निरन्तर गर्नुभयो भन्ने कुरा प्रेरितहरूको काममा लेखेका थिए।

प्रेरितको अर्थ 'पठाइएको' वा "एक व्यक्ति जसलाई पठाईयो" भन्ने हुन्छ। पठाइएका व्यक्तिहरूले सुसमाचारलाई कसरी आफ्नो संसारमा लगे भन्ने कुरा प्रेरितको पुस्तकले बताउँछ।

प्रेरितको पुस्तकका एक मुख्य व्यक्ति पावलनै हुन। उनी अन्यजाति वा यहूदी नभएकाहरूका निम्ति प्रेरित थिए। सुसमाचारका कुनै कुनै यात्राहरूमा लूका पनि पावलसँगै गएका थिए र उनले तिनीहरूको सुसमाचारको खुशीयाली र उपलब्धिको बारेमा बताएका छन्। पवित्र आत्माले कसरी विभिन्न देशहरूमा ख्रीष्टियान मण्डली शुरू गर्न पावललाई सहायता पुऱ्याउनुभयो त्यसको बारेमा बताएका छन्।

प्रेरित १:८ चाँहि मुख्य पद हो। यो सबै ख्रीष्टियानहरूलेनै कण्ठ गर्नुपर्ने पद हो।

---

तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौं, अनि तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तसम्म मेरा गवाही हुनेछौ।
(प्रेरित १:८)

---

## तपाईंको अभ्यासको निम्ति

७. "प्रेरितहरूको काम" भन्ने अर्थले कसको काम भन्ने अर्थ बुझिन्छ?

क. उत्तराधिकारी
ख. पठाइएकाहरू
ग. प्रतिनिधिहरू
घ. अगुवाहरू

८. तल दिइएका बयानहरूलाई पूरा गर्नुहोस्।

.........................नाम भएको डाक्टर (वैद्य) ले

...............................का बीचमा पावल सँग सँगै

सुसमाचारको काममा यात्रा गरेका थिए।

९. प्रेरितको पुस्तकको मुख्य सन्देश के हो?
क. पावलले सबै अन्यजातिहरूलाई परिवर्तन गराउने छन्।
ख. लूका प्रचारक डाक्टर हुनेछन्।
ग. पवित्र आत्माले यरूशलेममा साक्षी दिनुहुनेछ।
घ. पवित्र आत्माले गवाही दिनको निम्ति शक्ति दिनुहुनेछ।

आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

**पावलका पत्रहरू**

उद्देश्य ४. *पत्रको अर्थको परिभाषा दिनुहोस् र पत्रहरू किन महत्वपूर्ण छन् त्यसका कारणहरू थाह पाउनुहोस्।*

पावलले तेह्र वा चौधवटा पत्र वा चिट्ठीहरू लेखेका थिए। तिनीहरूमध्ये कुनैचाँहि उनी आफूले स्थापना गरेका मण्डलीहरूलाई लेखेका थिए। हिब्रूको पुस्तकमा लेख्ने व्यक्तिको सही नभएको हुनाले यो पावलले‌नै लेखेको हो भनी हामी ठोकेर भन्न सक्तैनौं। यद्यपि धेरै विद्वानहरूको विचारमा यो पावलले‌नै लेखेको हो भन्ने विश्वास भएको हुनाले हामीले यसलाई पावलका पत्रहरूको सूचीमा राखेका छौं।

| | |
|---|---|
| रोमी | १ र २ कोरिन्थी |
| १ र २ थिस्सलोनिकी | १ र २ तिमोथी |
| गलाती | तितस |
| एफिसी | फिलेमोन |
| कलस्सी | हिब्रू |

शुरूको मण्डलीको समयमा छापाखानाहरू नभएका हुनाले यी पत्रहरू पढ्नको लागि एउटा मण्डलीबाट अर्को मण्डलीमा लगिन्थे। प्रत्येक ठाउँमा विश्वासीहरूले यी पत्रहरूको अर्को प्रति बनाइ पढ्न र अध्ययन गर्नको लागि राखेका थिए होलान भन्न सकिन्छ।

रोमीको पुस्तकलाई ख्रीष्टियान सिद्धान्तको जग मानिएको छ, किनभने यसमा उद्धारको बारेमा स्पष्ट

व्याख्याहरू छन्। यसको मुख्य विषयवस्तु विश्वासबाट उद्धार हो।

पावलले १ र २ कोरिन्थी उनी आफैले कोरिन्थमा स्थापना गरेको मण्डलीलाई लेखेका थिए। यी पत्रहरू मण्डलीमा भएका सिद्धान्तसम्बन्धी समस्या र व्यवहारको बारेमा लेखिएका थिए।

अर्को गलातीको पत्रमा पनि विश्वासद्वारा धर्मी ठहरिनु भन्ने रोमीको जस्तै विषयवस्तु छ। असल कामले कसैलाई पनि बचाउन वा उद्धारगर्न सक्तैन र उद्धारचाँहि ख्रीष्टमा राखिएको विश्वासद्वारा मात्र पाइन्छ भनी यो पुस्तकले जोड दिन्छ।

सुसमाचार प्रचार गरेको कारणले झ्यालखानमा परेको बेलामा पावलले एफिसी, फिलिप्पी र कलस्सीको पत्र लेखेका थिए। यी पत्रहरूलाई कारागारी पत्रहरू भनिन्छ र ख्रीष्टियान जीवन कसरी जिउनुपर्छ भन्ने बारेमा यिनीहरू लेखिएका छन्।

थिस्सलोनिकीहरूलाई लेखिएका दुवै पत्रहरूले येशू स्वर्गबाट फर्कि आउनअगाडि के हुन्छ भनी बताएका छन्। तपाईंले उहाँको आगमनको बारेमा १ थिस्सलोनिकी ४:१३-१८ मा पढ्न सक्नु हुनेछ।

पावलले लेखेका चारवटा पत्रहरू विभिन्न व्यक्तिहरूलाई लेखिएका थिए। तिमोथीलाई लेखिएका दुई पत्रहरू र तितसलाई लेखिएको एक पत्र पास्टरहरूका लागि विशेष उपयोगी छन्। येशूको निम्ति आफ्नो जीवन दिनुभन्दा केही समय पहिले

परमेश्वरको काममा विश्वासयोग्य हुनु भन्ने आज्ञा दिई उनले तिमोथीलाई आफ्नो अन्तिम पत्र लेखेका थिए। २ तिमोथी ४:५-८ पढ्नुहोस्।

फिलेमोनको घरबाट भागेर गएको ओनेसिमस भन्ने दास पावल झ्यालखानामा हुँदा प्रभुमा आएको थियो। ओनेसिमसलाई क्षमा दिनु र ख्रीष्टमा आफ्नो भाइजस्तै क्षमा दिनु भनी पावलले फिलेमोनसँग विन्ती गरेका थिए।

हिब्रूको पुस्तकको मुख्य शब्द "उत्तम" हो। हिब्रू ख्रीष्टियानहरूलाई लेखिएको यो पत्रले पुरानो भन्दा नयाँ करार उत्तम छ भनी स्मरण गराएको थियो। हिब्रूको पुस्तकले व्यवस्थाको अधिनमा भएका चिन्हात्मक विधि र बलिदानहरू येशूका नमूनाहरू हुन भनी देखाउँछन्। येशू हाम्रा प्रधान पूजाहारी र हाम्रा पापको निम्ति उत्तम बलिदान हुनुभएको छ।

## तपाईंको अभ्यासको निम्ति

**१०.** यो वाक्यलाई ठीक किसिमले पूर्ण गर्ने वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। पत्रको अर्थ के हो?

**क.** सिद्धान्त
**ख.** चिट्ठी
**ग.** प्रतिलिपी

**११.** प्रत्येक पत्रको मुख्यवस्तुलाई बायाँपट्टि लेखिएको छ। यससँग जोडा मिल्ने पुस्तक वा पुस्तकहरूको संख्यालाई दिइएको अगाडिपट्टिको खाली ठाउँमा लेख्नुहोस्।

_**क**. ख्रीष्टियान जीवन जिउनु
_**ख**. येशू हाम्रो प्रधान पूजाहारी
_**ग**. विश्वासद्वारा धर्मीकरण
_**घ**. स्वर्गबाट येशूको आगमन
_**ङ**. दासको निम्ति क्षमा
_**च**. पाष्टरले कसरी काम गर्नैपर्छ

१. रोमी र गलाती
२. एफिसी, फिलिप्पी र कलस्सी
३. १ र २ थिस्सलोनिकी
४. १ र २ तिमोथी, तितस
५. फिलेमोन
६. हिब्रू

**१२.** यो वाक्यलाई ठीक किसिमले पूरा गर्ने वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। पावलका पत्रहरू महत्वपूर्ण छन् किनभने तिनीहरूले

**क**. विश्वासीहरूलाई सल्लाह दिन्छन्।
**ख**. कसरी उद्धार पाउन सकिन्छ भनी हामीहरूलाई बताउँछन्।
**ग**. भविष्यवक्ताहरू कसरी जिए सो बताउँछन्।
**घ**. सिद्धान्तमा स्पष्ट शिक्षा दिन्छन्।
**ङ**. सबै झ्यालखानामा हुँदा लेखिएका थिए।
**च**. पाष्टर र मण्डलीहरूले कसरी काम गर्नुपर्छ सो बताउँछन्।

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

• • •

## सामान्य पत्रहरू

उद्देश्य ५. *सामान्य पत्रका प्रत्येक लेखकको मुख्य शिक्षाको बारेमा एउटा सत्यताको उल्लेख गर्नुहोस्।*

पावलका पत्रहरू जसजसलाई लेखिएका थिए तिनीहरूका नामबाटनै तिनीहरू प्रचलित छन्, तर सामान्य पत्रहरू जसले लेखे तिनीहरूका नामबाटनै तिनीहरू परिचित भएका छन्।

याकूबको पुस्तक लेख्ने याकूब येरूशलेम मण्डलीका पाष्टर र येशूका आफ्नै भाइ थिए। यूहन्नाको दाज्यू याकूबलाई पहिलेनै शिर काटेर नाश गरिएको थियो।

ख्रीष्टमा भएको जीवीत विश्वासले असल काम उत्पादन गर्छ भनी याकूबले सिकाएका छन्। हाम्रा असल कामहरूले हामीलाई उद्धार गर्दैन्, तर हामीले उद्धार पाइसकेपछि परमेश्वर र उहाँका मानिसहरूको निम्ति हामी जे सक्छौं सो गर्नुपर्छ।

दुःख कष्टमा परेका ख्रीष्टियानहरू लाई उत्साह दिन पत्रुसले लेखेको पत्रले प्रभु कुनै दिन फर्कि आउनुभएर तिनीहरूको विश्वासयोग्यताको इनाम तिनीहरूलाई दिनुहुन्छ भनी स्मरण गराएको छ।

प्रभुको प्रिय चेला यूहन्ना बाह्र चेलाहरूमध्ये सबैभन्दा लामो समयसम्म बाँचेका थिए। उनले एउटा सुसमाचार र तीन पत्रहरू लेखेका छन् जुनहरू उनको नामबाट परिचित छन्। परमेश्वरले हामीलाई प्रेम गर्नुभएको

हुनाले हामीले पनि एक अर्कालाई प्रेम गर्नुपर्छ भन्ने मुख्य विषयवस्तु उनको सबै लेखाईमा पाइन्छ। उनले येशू ख्रीष्टलाई राजाहरूका महाराजा र प्रभुहरूका महाप्रभु भनी प्रकट गर्ने प्रकाशको पुस्तकलाई पनि लेखेका हुन।

अन्तिम पत्र यहूदा याकूब र येशूका भाइ यहूदाद्वारा लेखिएको थियो। उनले पाठकहरूलाई झूटा शिक्षाहरू को विषयमा चेतावनी दिंदै संसारको न्यायको निम्ति येशू फर्कदैं हुनुहुन्छ भनी बताएका छन्।

## तपाईंको अभ्यासको निम्ति

**१३.** तल उल्लेख गरिएका प्रत्येक पत्रहरूको मुख्य विषयवस्तु के हो?

याकूब..................................................

१ र २ पत्रुस..........................................

१,२ र ३ यूहन्ना......................................

यहूदा..................................................

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

## भविष्यवाणी

उद्देश्य ६. *प्रकाशको पुस्तकको केही विषयहरू र महत्व थाह गर्नुहोस।*

प्रकाशको पुस्तकलाई प्रकटको पुस्तक पनि भनिन्छ किनभने यसले भविष्यको कुरालाई प्रकट गराएको छ। यसका चिन्हात्मक दर्शनहरू दानियलको पुस्तकसँग मिल्दाजुल्दा छन्। यस पुस्तकका लेखक यूहन्नालाई यस युगको अन्तिम दिनहरू, स्वर्ग, र परमेश्वरको आउनेवाला राज्यको दर्शन उनको बृद्ध अवस्थामा उनी पत्मोसको टापूमा प्रवासी भएर रहेको बेलामा भएको थियो।

येशूले यस संसारमा आफ्नो सेवाकायी गर्नुभएको बेलामा यूहन्नाले उहाँलाई चिनेको भएता पनि, उनले फेरि येशूलाई महान विजयको रूपमा देखेका थिए। उनले उहाँलाई सबै अधिकार पाउनुभएको व्यक्तिको रूपमा देखेका थिए प्रकाश १:१८।

ख्रीष्टको प्रकाशले यूहन्नाको निम्ति पत्मोस स्वर्गमा पुग्ने बाटोको रूपमा परिवर्तन भएको थियो भने यसले हाम्रो जीवनमा आनन्द, हाम्रो अन्धकारमा ज्योति र गोलमालको संसारमा आशा ल्याउँछ।

**१४.** तल दिइएका बयानहरूलाई पूरा गर्ने वाक्यको अगाडिको अक्षरमा घरा लगाउनुहोस्। पत्मोसको प्रकाशमा -

**क**. भविष्यलाई थाह गराइएको थियो।
**ख**. यूहन्नाले कुनै आशा पनि देख्न सकेनन्।
**ग**. यूहन्नाले अन्तिम दिनका दर्शनहरू देखेका थिए।

**१५.** ख्रीष्ट विरोधीको राज्य र ख्रीष्टको अन्तिम विजय जस्ता संसारको विरोधमा चिन्हात्मक चित्रणहरू उस्तै उस्तै भएका पुस्तकहरू कुन कुन हुन?

**क.** यशैया र १ पत्रुस
**ख.** दानियल र प्रकाश
**ग.** इजकिएल र प्रकाश

**१६.** प्रकाश १,२१,२२ अध्यायहरू पढ्नुहोस्। यी अध्यायहरू पढ्दा तपाईंलाई कस्तो लाग्छ? येशू ख्रीष्ट चाँडै आउनुहुन्छ भन्ने कुरामा के तपाईंलाई हर्ष लाग्छ? यूहन्नाले २२:२० मा गरेको प्रार्थना के तपाईंकै प्रार्थना हो? परमेश्वरले सहायता गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् र तपाईं उहाँको निम्ति जिउँदा र काम गर्दा यो कुरालाई स्मरण गर्नुहोस्।

## तपाईंका उत्तरहरू जाँच्नुहोस्

१. सुसमाचारहरू
इतिहास
पावलका पत्रहरू
सामान्य पत्रहरू
भविष्यवाणी

६. **घ**) पवित्र आत्माले साक्षी दिनको निम्ति शक्ति दिनुहुनेछ।

२. **क**) मत्ती

**१०. ख**) पत्र (चिट्ठी)

**३.** **ग**) होशियारपूर्ण खोज र साक्षीहरूसँगको कुरा
**११. क** २) एफिसी, फिलिप्पी, कलस्सी
**ख** ६) हिब्रू
**ग** १) रोमी र गलाती
**घ** ३) १ र २ थिस्सलोनिकी
**ङ** ५) फिलेमोन
**च** ४) १,२ तिमोथी र तितस
**१२. क**) विश्वासीहरूलाई सल्लाह दिन्छन्।
**ख**) कसरी उद्धार पाउन सकिन्छ भनी हामीलाई बताउँछन्।
**घ**) सिद्धान्तमा स्पष्ट शिक्षा दिन्छन्।
**च**) पाष्टर र मण्डलीहरूले कसरी काम गर्छन् सो बताउनु।
**५.** **ख**) परमेश्वरको पुत्र र उहाँमा अनन्त जीवन पाइन्छ।
**१३.** प्रत्येक पुस्तकको बारेमा गरिएका छलफलहरूलाई हेरी तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।
**६.** **क**) मानिसको पुत्र
**१४. क**) भविष्यलाई थाह गराइएको थियो।
**ख**) यूहन्नाले अन्तिम दिनका दर्शनहरू देखेका थिए।
**७.** **ख**) पठाइएकाहरू
**१५. ख**) दानियल र प्रकाश
**८.** लूका, अन्यजाति
**१६.** तपाईंको आफ्नै उत्तर